# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ५ मरिण, फागुन २७ गते, २०७९ साल संख्या २९**

## भाग २

## मरिण गाउँपालिकाको वंगुरको गोठ सुधार सम्बन्धी मापदण्ड, २०७९(प्रथम संशोधन)

प्रस्तावनाः- पशुपंक्षी उत्पादबाट राष्ट्रिय कुल गार्हस्थ उत्पादनमा करीव २७ प्रतिशत योगदान रहेको परिप्रक्ष्यमा भेडा, बाख्रा, वंगुर उत्पादनले मरिणको जनताको जीवनस्तर उकास्न पनि महत्वपूर्ण भूमिका रहेको महशुस गरिएको छ। यहाँका कृषकहरुले मासु उत्पादनको लागि रागा, खसी, बोका, भेडा, वंगुर कुखुरा हाँस र माछा पालनलाई प्राथमिकतामा राखेर व्यवसाय संचालन गरी रहेका छन। व्यवसायलाई दिगो र बढी उत्पादनमूलक बनाउन व्यवस्थित खोरको महत्वपूर्ण भूमिका हुन्छ भन्ने महशुस भएकोले मरिण गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को प्रयोग गरी मरिण गाउँपालिकाले वंगुरको गोठ सुधार सम्बन्धी मापदण्ड, २०७९(प्रथम संशोधन) जारी गरेको छ।

## परिच्छेदः-१

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**– (क)यस मापदण्डको नाम "मरिण गाउँपालिकाको वंगुरको गोठ सुधार सम्बन्धी मापदण्ड, २०७९(प्रथम संशोधन) रहेको छ ।

(१) यो मापदण्ड मरिण राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) **"गाउँपालिका"** भन्नाले मरिण गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख) **"मापदण्ड"** भन्नाले मरिण गाउँपालिका भित्र बसोबास गर्ने कृषकहरुले मासु उत्पादनको लागि व्यवसायिक रुपमा पालिएका वंगुरको लागि निर्मित सुधारिएको तथा व्यवस्थित गोठलाई सम्झनु पर्दछ।

(ग) **"प्रमुख"** भन्नाले मरिण गाउँपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(घ) **"कार्यालय"** भन्नाले मरिण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

३. उद्देश्यः-व्यवसायिक पशुपंक्षी पालन गरि मासु उत्पादन गर्ने कृषकहरुलाई सुधारिएको तथा व्यवस्थित खोर उत्पादन गर्न आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन यस मापदण्डको उद्देश्य रहेको छ।

## परिच्छेदः-२

४. सुधारिएको तथा व्यवस्थित वंगुरको खोर बनाउनका ध्यान दिनुपर्ने कुराहरुः

क. ठाउँ पश्चिम दक्षिण मोहडा फर्केको, यातायात, बिजुलीको सुबिधा भएको हुनुपर्दछु।

ख. पर्याप्त ठाउँ भविष्यमा बढाउन पर्ने भएमा बढाउन सकिने हुनु पर्दछ।

ग. पानीको राम्रो व्यवस्था हुनुपर्दछ।

घ. राम्रोसँग हावा आउने र जाने ठाउँ हुनु पर्दछ।

ङ. पाठापाठी साथमा भएको तापक्रम १५$^{0}$C देखि २०$^{0}$C हुनु पर्दछ।

च. हावामा पानीको मात्रा ५० देखि ८० प्रतिशत हुनु उपयुक्त हुन्छ।

छ................ [१]

ज. वंगुरपालन गर्नकोलागि कस्तो किसिमको खोर बनाउन पर्छ भन्ने कुरा आफूले गर्न चाहेको व्यवसायको किसिम भौगोलिक अवस्था र साधन र श्रोतको उपलब्धता आदिमा पनी भर पर्छ।

## परिच्छेदः-३

५. सुधारिएको तथा व्यवस्थित गोठको नमूना देहाय बमोजिम हुनेछ-


**वंगुरपालन गर्नका लागि कस्तो किसिमको गोठ बनाउनु पर्छ भन्ने कुरा आफूले गर्न चाहेको व्यवसायको किसिम, भौगोलिक अवस्था र साधन श्रोतको उपलब्धता आदिमा भर पर्ने भएतापनि साधारणतया तल बताईए वमोजिमको ब्यवस्थित गोठ बनाउन उपयुक्त हुन्छ । वंगुरपालनमा आवद्ध भएका र थप वंगुरपालन गर्न इच्छुक कृषकहरुलाई प्राथमिकता साथै पिछडिएका वर्गहरु आदिवासी, जनजाति ,दलित अल्पसंख्यक एवं महिलाहरुलाई समावेश गरिनु पर्छ ।** [२]

[१] प्रथम संशोधनबाट हटाइएको।

[२] प्रथम संशोधनबाट संशोधन गरिएको।

सुंगर/ बंगुरको लागि खोर कसरी बनाउनु पर्दछ ? नमुना तल दिईएको छ ।





६. सुधारिएको तथा व्यवस्थित गोठको प्राविधिक मापदण्ड देहाय बमोजिम हुनेछ।

क. १ वंगुरलाई बस्नको लागि न्यूनतम ३.00$m^2$ {18.m*1.6m} क्षेत्रफल बराबर ओगट्ने ठाँउ भएको, {१० वटा वंगुरको लागी न्युनतम ३०$m^2$ }

ख. **घामपानीबाट ओत लाग्ने छानाको राम्रो व्यवस्थापन भएको। [ Bar height 1m]**[३]

ग. **खानाकोलागि राम्रो व्यवस्था भएको।**[४]

घ. **सरसफाई गर्न सहजताको लागि भुँइ ढलान गरेको र हल्का भिरालो भएको,**[५]

ङ. **मलमूत्रको व्यवस्थापन प्रणाली राम्रो भएको,**[६]

च. सकेसम्म स्थानीय श्रोत साधनको प्रगोग गरेर कम खर्चिलो हुने गरी वंगुर र स्थानीय वातावरण सुहाउदो खोर बनाउनु पर्दछ।

**नोट: न्यूनतम ५ वटा वंगुर सजिलै अट्न सक्नु का साथै खानाको लागि डुड र पिसाव वग्ने नाला अनिवार्य हुनु पर्ने साथै बीर पालन गर्ने हो भने वीर र भुनीको लागि छुट्टाछुट्टै पार्टेसन हुनु पर्नेछ। मासु मात्र उत्पादन गर्ने उद्देश्यले वंगुर पालन गर्ने हो भने एक पार्टेसनमा १० वटा सम्म पालन गर्न सकिने छ।**[७]

[३] प्रथम संशोधनबाट संशोधन गरिएको।

[४] प्रथम संशोधनबाट संशोधन गरिएको।

[५] प्रथम संशोधनबाट संशोधन गरिएको।

[६] प्रथम संशोधनबाट संशोधन गरिएको।

[७] प्रथम संशोधनबाट संशोधन गरिएको।



मरिण गाउँपालिका

परिच्छेदः-४

७. ....................[८]

भक्तानी गर्ने आधारहरु

| | |
|---|---|
| न्यूनतम ५ वटा देखि ९ वटा सम्म पालन गर्ने पार्टेसन, डुड, नाला र भुई ढलान बनाउने कृषकलाई | १० वटा वा १० भन्दा बढि वंगुरपालन गर्ने कृषकलाई संख्याको आधारमा थप रकम उपलब्ध गराईने । |
| रु. ८०००/ | |

भुक्तानी गर्दा कृषकले उपलब्ध गराएको स्थानीय स्रोत साधन बाहेक सिमेन्ट/ जस्ता पाता र डोर हाजिरीको रकम, मात्र भुक्तानी गर्ने र कृषकले सोहि अनुरुपको बिल भर्पाई र खोरको फोटो सहित पेश गर्नुपर्ने।[९]

परिच्छेदः-५

अनुगमन मूल्याङ्कन

वंगुरको खोरको अवस्था बारे मरिण गाउँपालिका स्तरीय अनुगमन समितिबाट बेला बेलामा अनुगमन मूल्याङ्कन गरिने छ भने वडा कार्यालय र कृषि तथा पशुपंक्षी विकास शाखामा कार्यरत प्राविधिक कर्मचारीबाट विशेष रुपमा अनुगमन मूल्याङ्कन हुनेछ। साथै मरिण गाउँपालिका बाहेक अन्य निकायबाट कार्यक्रमको लागि आर्थिक तथा प्रविधिक सहयोग भएको अवस्थामा तत्-तत् निकायका प्राविधिक कर्मचारीहरुबाट पनि अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

[८] प्रथम संशोधनबाट हटाइएको।

[९] प्रथम संशोधनबाट संशोधन गरिएको।

परिच्छेदः-६

विविध

८. बाधा अडकाउ फुकाउन सक्नेः यो मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

९. मापदण्ड संशोधन तथा खारेज गर्न सक्नेः कार्यपालिकाले आवश्यकता अनुसार यो मापदण्ड संशोधन तथा खारेज गर्न सक्नेछ ।

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

मरिण गाउँपालिका